प्रदेश सरकार

प्रदेश नं ५

भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय

फोन नंबर ०८१-५२०२५४

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

# नेपालगंज बाँके

पत्र संख्या २०७६/०७७

च.नं. २०६

मिति २०७६/१०/०६

बिषयः सूचना टाँस गरिदिने बारे

श्री ......................................................

......................................................

प्रस्तुत बिषयमा यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नेपालगंज बाँकेको आर्थिक बर्ष २०७६/७७ को बार्षिक स्विकृत कार्यक्रम अनुसार प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तरगत बाँके तथा बर्दिया जिल्लाका माछाको पकेट तथा ब्लक बिकास कार्यक्रम संचालनका लागि प्रकासित प्रस्ताव आवहान को सूचना यसै पत्रासाथ संलग्न राखि पठाइएको छ आफ्नो कार्यालयको सूचना पाटिमा टाँस गरि आवश्यक समन्वय गरिदिनुहुन अनुरोध छ ।

दर्ता नं............

दर्ता मिति:

.................................

बसीर अहमद

मत्स्य विकास अधिकृत आठौं

निमित्त प्रमुख

प्रदेश सरकार
प्रदेश नं ५
भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज बाँके

फोन नंबर ०८१-५२०२

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकासित मिति २०७६/१०/०७**

**यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत बाँके तथा बर्दिया जिल्लाका माछाको पकेट तथा ब्लक बिकास कार्यक्रम देहायबमोजिमको संख्यामा संचालन गरिने भएको हुँदा सम्बन्धित जिल्लाका इच्छुक कृषक समुह/कानुन बमोजिम दर्ता भएका कृषि कार्यमा संलग्न सहकारी/फार्म/कृषि उधमि/जल उपभोक्ता समितिहरुले तपशिल बमोजिमका आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघि प्रास हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीका लागी यस विज्ञ केन्द्रको सम्पर्क नं ०८१५२०२५४ मा सम्पर्क राख्नुहुन वा यस विज्ञ केन्द्रको वेभसाइट banke.vethos.gov.np मा लग अन गरि हेर्न अनुरोध गरिन्छ।**

| क्र. स. | कार्यक्रमको विवरण | संख्या | .कैफियत |
|---|---|---|---|
| १ | माछा ब्लक | १ | ✓ विगत २ बर्षसम्म सोहि शिर्षकमा यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,कृषि ज्ञान केन्द्र वा अन्य निकायबाट अनुदान लिएकालाई अनुदान उपलब्ध गराइने छैन। ✓ आवेदक यो सूचना प्रकाशन मिति भन्दा अगावै सम्बन्धित निकायमा कानुनबमोजिम दर्ता भएको हुनुपर्नेछ। |
| २ | माछा पकेट | ४ | |

<u>तपशिल</u>

- ✓ निवेदन
- ✓ आयोजनाको प्रस्तावना
- ✓ आयोजना/कार्यक्रम मागसम्बन्धि निर्णयको प्रतिलिपि
- ✓ कृषक समुह/कृषि सहकारी/निजि फार्म/समिति दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रतिलिपि
- ✓ कृषि सहकारीको हकमा लेखापरिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
- ✓ जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा भए जग्गाधनिको लालपुर्जाको प्रतिलिपि र करारपत्रको प्रतिलिपि
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस

२०७६।१०।६